# Nepali Welfare Society UK (NEWS-UK)
# नेपाली वेलफेयर सोसाईटी युके
C.I.C Registered No: 12624179



**President**
Dhan Bahadur Sarki

**Vice-President**
Purna Bahadur Nepali

**General Secretary**
Sharmila Nepali

**Secretary**
Samsher Nepali

**Treasurer**
Tham Bahadur Sarki

**Joint-Treasurer**
Kiran Nepali

**EC Members**
Asha Devi Roka
Dhabindra Boudel
Budhi Bahadur Sarki
Sanjay Nepali
Dil Nepali

**Chief Advisor**
Gopal Roka

**Advisors**
Shyam Bahadur Sarki
Harishchandra Nepali
Udi Bahadur Nepali
Lal Bahadur Nepali
Hem Lal Sarki
Dil Bahadur Sarki
Ram Bahadur Nepali (1)
Ram Bahadur Nepali (2)
Gopali Sing Nepali
Ganga Bahadur Sarki


सम्माननिय प्रधानमन्त्री ज्यू ।
प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
सिंहदरबार, काठमाण्डौ नेपाल ।
बिषय: ज्ञापन पत्र

मितिः २८ मे २०२०

मार्फत, महामहिम राजदूत श्री डा. दुर्गा बहादुर सुवेदी ज्यू ।
नेपाली राजदुतावासको कार्यालय
बेलायत

महोदय,

आजको २१ औं शताब्दीको वैज्ञानिक युगमा बेलायतमा रहेर पनि दक्षिण एसियाली जातव्यवस्था र यसले भारत, नेपाल, श्रीलंका, भुटान, पाकिस्तान, बंगलादेश, मालदिभ्स लगायतका मूलकका करोडौं नागरिकहरु माथि गरेको विभेद उत्पीडनको सवालले उठाउनु पर्दा पीडा महसुस भैरहेको छ । मानवमानव बीचको समानता, समता र भातृत्वको अन्तरराष्ट्रिय एजेण्डा बिपरीत हाम्रो मातृभूति नेपालमा कथित उच्च जातिय अहंकारवादले जातव्यवस्था भित्रको श्रमजीवी दलित समुदायमाथि गर्दै आएको अपमान, बहिस्कार र श्रृखंलावद्ध हत्याका घटनाहरुले विश्वमानचित्रमा नेपाललाई कलंकित बनाएको छ । अन्तरजातिय प्रेम सम्बन्धकै कारण यहि जेठ १० (२३ मे) रुकुमको चौर जहारीमा दलित युवाहरु माथि गरिएको सांघातिक हमला र क्रुर हत्याकाण्डले बेलायतवासी हामी सम्पूर्ण नेपालीहरुलाई आक्रोशित र पीडाबोध भएको महामहिम राजदूत ज्यू मार्फत प्रधानमन्त्री ज्यू समक्ष अवगत गराउदै,

अन्तर जातिय विवाह एवं प्रेम गरेकै र भएकै कारण विगतमा काभ्रेका अजित मिजार, दैलेखका सेते दमाई, सप्तरीका शिवशंकर दास, झापाकी अस्मिता तोलाङ्ग सार्की, तनहुकि संगीता परियार, सिन्धुपाल्चोक कि माया तिरुवा, म्याग्दीकी सविता नेपाली लगायतका दलित युवायुवतीहरुको श्रृखंलावद्ध रुपमा गरिएको हत्याका घटनाहरुको आजसम्म पनि राज्यले न्यायिक समाधान गर्न सकिरहेको छैन ।

क्रमश..........


15 Berkeley Avenue, Cranford, Hounslow, London, TW4 6LE, United Kingdom | W: www.news-uk.org |
E: info@news-uk.org (Office) | P: President: +44 7909387460 | Secretary: +44 750614168

**President**
Dhan Bahadur Sarki

**Vice-President**
Purna Bahadur Nepali

**General Secretary**
Sharmila Nepali

**Secretary**
Samsher Nepali

**Treasurer**
Tham Bahadur Sarki

**Joint-Treasurer**
Kiran Nepali

**EC Members**
Asha Devi Roka
Dhabindra Boudel
Budhi Bahadur Sarki
Sanjay Nepali
Dil Nepali

**Chief Advisor**
Gopal Roka

**Advisors**
Shyam Bahadur Sarki
Harishchandra Nepali
Udi Bahadur Nepali
Lal Bahadur Nepali
Hem Lal Sarki
Dil Bahadur Sarki
Ram Bahadur Nepali (1)
Ram Bahadur Nepali (2)
Gopali Sing Nepali
Ganga Bahadur Sarki

बरु घटनामा संलग्न अभियुक्तहरुको मनोबल बढ्दै गइरहेको छ । कानुनको धज्जी उडाँउदै कथित उच्च जातिय अहङ्कारवाद जुरमुराउँदै छ । रुकुम चौर जहारी हत्या प्रकरण यहि जातिय अहङ्कारवादको दु:खद् परिणाम भएको बेलायत स्थित हाम्रो सामाजिक संस्था नेपाली वेलफेयर सोसाईटी युकेको बुझाई रहेको महामहिम ज्यू मार्फत सरकार समक्ष व्यक्त गर्दछौं ।

अन्त्यमा संविधानले वर्जित गरिसकेको एवं जातिय भेदभाव तथा छुवाछुत (कसुर सजाय) ऐन २०६८ ले विभेद विरुद्ध दण्ड सजाय व्यवस्था गरिसकेको वर्तमान सन्दर्भमा रुकुमको चौर जहारी हत्याकाण्डको निष्पक्ष छानविन गरि दोषीलाई हदै सम्मको कानुनि कारवाहि गर्न, हत्या गरिएका नवराज बिक, टिकाराम सुनार, गणेश बुढामगरका परिवारजनलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन एवं वेपत्ता बनाइएका ३ जना युवाहरुको स्थिति सार्वजनिक गरि भयमुक्त समतामूलक समाज निर्माण गर्न महामहिम राजदूत मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्दछौं ।

धनबहादुर सार्की
(अध्यक्ष)

समशेर नेपाली
(सचिब)